# जिल्लास्थित गाविसहरुमा आव २०७०।७१ मा सञ्चालन गरिएका कार्यक्रमहरुको जिल्लास्तरीय बार्षिक प्रगति समीक्षाको समीक्षा प्रतिवेदन

## पृष्ठभूमी :

गाउँ विकास समिति जनताको सवैभन्दा नजिक रहेर सेवा प्रवाह गर्ने स्थानीय सरकार हो । गाउँ विकास समितिहरुमा नेपाल सरकारले बार्षिक रुपमा अनुदान रकम उपलब्ध गराउँदै आएको छ । गाविसले कानून वमोजिम विभिन्न कर, शुल्क र दस्तुर वापत आम्दानी गर्दछ। अन्य संघसंस्थाबाट पनि गाविसले आम्दानी गर्न सक्दछ । यी सवै आय गाउँ परिषद तथा गाविसका अन्य बैठकहरुमार्फत विभिन्न विकास तथा सञ्चालन खर्चमा विनियोजन गरिन्छ । प्राप्त श्रोतहरुबाट के कति कार्यहरु हुन सके, के कस्ता चुनौती र समस्याहरु भ्ेाल्नु पर्‍यो के सिकाई भयो ? प्राप्त श्रोतको के कति उच्चतम सदुपयोग हुन सक्यो ? प्रमुख उपलब्धीहरु के के भए ? आदिबारेमा सम्वन्धित गाविसको अलावा जिल्लास्तरमा पनि समीक्षा गर्नु अपरिहार्य छ । जसले आगामी दिनमा थप प्रभावकारी तवरले योजना तथा कार्यक्रम सञ्चालन गर्न मद्धत पुर्‍याओस् । यसै कुरालाई मनन् गरी जिल्ला विकास समिति लमजुङले मिति २०७१ साउन १८ र १९ गते गाविसहरुको आ.व. २०७०।०७१ को बार्षिक प्रगति समीक्षा गोष्ठीको आयोजना गरेको थियो । सो कार्यक्रम सम्पन्न समेत भै सकेको स्थितिमा सो समीक्षा सम्वन्धी यो प्रतिवेदन तयार गरिएको छ।

## २. समीक्षा गोष्ठीको उद्देश्य

गाउँ विकास समितिहरुबाट आर्थिक बर्ष २०७०/०७१ मा भएका कामहरुको समीक्षा गर्नु यसको मुख्य उद्देश्य रहेको थियो । त्यसबाहेक निम्न उद्देश्यहरु राखिएको थियो ।

- गाविसहरुले आ.व.२०७०/०७१ मा सञ्चालन गरेका कार्यक्रमहरुकोप्रगती विवरण प्रस्तुतिकरण गरी जानकारी गराउने ।
- कार्यक्रम सञ्चालनको दौरानमा देखिएका सवल पक्ष, समस्या आदिको बारेमा अन्तर्क्रिया गर्ने ।
- कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धीहरुको बारेमा लेखाजोखा गर्ने ।
- आगामी दिनमा अझ बढी प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न सुझावहरु संकलन गर्ने ।
- भएका कमीकमजोरीहरु पहिल्याई चालु आर्थिक बर्षमा सुधारहरु गर्न मार्ग निर्देश गर्ने ।

## ३. समीक्षा गोष्ठीको मिति,स्थान र समय :

यस समीक्षा गोष्ठीको अवधी दुई दिनको रहेको थियो । समीक्षा गोष्ठी  २०७१ साउन १८ र १९ गते जिल्ला विकास समितिको  सभाहलमा विहान १०.३० बजेबाट साँझ ५.३० बजेसम्म संचालन गरिएको थियो ।

## ४. सहभागिता

उक्त समीक्षा गोष्ठीमा हाल कायम रहेका सम्पूर्ण गाविससचिवहरु, जिविसका कर्मचारीहरु र राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु र प्रमुख जिल्ला अधिकारीको सहभागिता रहेको थियो । यस समीक्षा गोष्ठीमा कुल ६५ जनाको सहभागिता रहेको थियो ।

## ५. गोष्ठी ब्यवस्थापन

गोष्ठीको अध्यक्षता स्थानीय विकास अधिकारी श्री बिष्णुदत्त गौतमले गर्नु भएको थियो । कार्यक्रम सहजीकरण कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेलले गर्नुभएको थियो । जिल्ला शासन विज्ञ लोमस अधिकारी र लेखा अधिक्षक सूर्यमान श्रेष्ठले तथ्यांक प्रविष्टीको कार्य गर्नु भएको थियो भने आवश्यकता अनुसार अन्य कर्मचारीहरुले सहयोग गरेका थिए । कार्यक्रमको उद्देश्यबारे स्थानीय विकास अधिकारी श्री गौतमले प्रकाश पार्नु भएको थियो । त्यसपछि क्रमशः गाविसहरुकभो प्रस्तुतीकरण रहेको थियो । गोष्ठीमा प्रस्तुतीकरण पश्चात छलफल र अन्तर्क्रिया गरिएको थियो । अधिकांश गाविस सचिवहरुले प्रोजेक्टरको माध्यमबाट प्रस्तुतीकरण गरेका थिए भने आधा दर्जन जति गाविस सचिवहरुले मौखिकरुपमा प्रस्तुत गरेका थिए ।

## ५. समापन

समापन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिना, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकारहरुको समेत उपस्थिति रहेको थियो । समापन कार्यक्रममा गोष्ठीको समष्टिगत तथ्यांकहरु योजना अधिकृत श्री युवराज अधिकारीले प्रस्तुत गर्नु भएको थियो । गाविस सचिवहरुको तर्फबाट पुस्तकराज न्यौपाने र रमण बराललेे मन्तव्य राख्नु भएको थियो । सो अवसरमा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि र प्रमुख जिल्ला अधिकारीज्यूले मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको अन्तमा स्थानीय विकास अधिकारीज्यूले मन्तव्य राख्दै विभिन्न गाविसहरुको राम्रा र उदाहरणीय कार्यको प्रशंसा गर्नु भएको थियो भने देखिएका कमीकमजोरी, समस्या तथा चुनौतीहरु र समाधानका उपायहरु समेत राख्दै धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।